गौ.गा.का.पा.बै.सं-०८/२०८२/०८३

आज मिति २०८२/०९/१७ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल वहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर वहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग वहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री वरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र वहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री वोम वहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री घनश्याम अर्याल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद दुवेदी- प्रशासकीय अधिकृत

**निर्णयहरु :**

**निर्णय नं. १ : विज्ञापन गर्ने सम्बन्धमा ।**

प्युठान आयुर्वेद स्वास्थ्य केन्द्र च.नं. १२, मिति २०८१/१०/०९ को पत्रानुसार कविराज पदमा करार सेवामा नियुक्त भइ गौमुखी गाउँपालिकाको नागरिक आरोग्य सेवा केन्द्र खुङ ठुलाबेसी प्युठानमा कार्यरत कविराज श्री नारायण गिरीले विपेश कारण देखाइ मिति २०८२/०९/०७ गतेका दिन गौमुखी गाउँपालिकाको कार्यालयमा राजिनामा पेश भई स्वीकृत भएकोले अब आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको च.नं. ५४, २०८२/०५/०६ को पत्रानुसारको वैद्य पद लगायत गौमुखी गाउँपालिकामा खालि रहेको देहायको पदमा विज्ञापन गरि पदपुर्ती गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो ।

देहाय :

| क्र.सं. | विज्ञापन गरिने पद | विज्ञापन गरिने तह | विज्ञापन गरिने संख्या | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | वैद्य | सहायकस्तर चौंथो | १ | २५००० | |
| २ | अ.हे.व. | सहायकस्तर चौंथो | १ | प्रचलित नियम/अभ्यास अनुसार | |
| ३ | अ.न.मी. | सहायकस्तर चौंथो | ५ | प्रचलित नियम/अभ्यास अनुसार | |

**निर्णय नं. २ : गाउँसभाको २० औ अधिवेशनको कार्यसूची निर्धारण सम्बन्धमा ।**

गौमुखी गाउँपालिकाको २० औ अधिवेशनको पहिलो बैठकको देहायबमोजिमको कार्यसूची कायम गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो।

देहाय :

- २० औ अधिवेशन आवहान गरेको पत्र सभा समक्ष वाचन
- अधिवेशन सफलताको शुभकामना
- शुन्य समयको प्रयोग
- २० औ अधिवेशनको दोस्रो बैठक आवहान

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नं. ३ : सातौ तहको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।**

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ र स्थानीय निजामती सेवा नियमावली,२०८१ मा छैठौ तहमा पद पुर्ती नहुने र सातौ तहको मात्र पद पूर्ती गर्ने प्रावधान रहेको साथै लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन तथा नियमावली लागु हुनु भन्दा अगाडि छैठौ तहमा कार्यरत कर्मचारीहरु सातौ तहमा तह मिलान भएकोले गौमुखी गाउँपालिकाको कार्यालयमा ऐन र नियमावली लागु हुनुभन्दा अगाडि अधिकृतस्तर छैठौ तहमा कार्यरत कर्मचारी श्री शिवलाल पुन लाई अधिकृतस्तर सातौ तहको सेवा सुविधा दिने सर्वसम्मतरुपमा निर्णय गरियो।

**निर्णय नं. ४ : प्रतिबद्धता सम्बन्धमा।**

नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम स्थानीय तह छनौट सम्वन्धी प्रकाशित सूचना बमोजिम जीविकोपार्जनका लागि गौमुखी जलाधार क्षेत्र संरक्षण तथा स्थानीय उत्पादन बजारीकरण एवं भौतिक पूर्वाधार विकास परियोजना छनौट गरिएको र उक्त कार्यक्रम सम्पन्न गर्नको लागि गौमुखी गाउँपालिकाको तर्फबाट गर्नुपर्ने साझेदारी लगानीमा प्रतिवद्ध हुने सर्वसम्मत रूपमा निर्णय गरियो।

घनश्याम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नं. ५ : आय व्ययको प्रक्षेपण सम्वन्धमा।**

गौमुखी गाउँपालिकाको राजस्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि सिफारिस गरेको आयव्यको प्रक्षपण स्वीकृत गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ६ : आर्थिक विकास समितिको प्रतिवेदन सम्वन्धमा ।**

गौमुखी गाउँपालिकाको कृषि,पशु,पर्यटन र सहकारीको वृहत्तर हितको लागि पेश गरेको प्रतिवेदन माथि व्यापक छलफल गरि सुझाव तत्काल प्रभावकारी ढंगले कार्यान्वयन गर्ने गरि सर्वसम्मत रुपमा स्वीकृत ग : निर्णय गरियो।

**निर्णय नं. ७ : सामाजिक विकास समितिको प्रतिवेदन सम्वन्धमा ।**

गौमुखी गा ंपालिकाको सामाजिक विकास समितिले गौमुखी गाउँपालिकाको शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारको लागि वनाएको प्रतिवेदन माथि व्यापक छलफल गरि स्वीकृत गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ८ : सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन सम्वन्धमा ।**

गौमुखी गाउँपालिकाको सुशासन समितिले गौमुखी गाउँपालिकाको समग्र सेवा प्रवाह व्यवस्थित र चुस्त दुरुस्त वनाउन पेश गरेको प्रतिवेदन उपर व्यापक छलफल गरि दिएका सुझावहरु कार्यान्वयन गर्दा सेवा प्रवाहमा प्रभावकारिता आउने हुदा सो प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९ : पुर्वाधार विकास समितिको प्रतिवेदन सम्वन्धमा ।**

गौमुखी गाउँपालिकाको पूर्वाधार समितिले गौमुखी गाउँपालिकाको अधुरो योजना र झोलुङ्गे पुल सम्वन्धी भएको गहन समस्या उठाइ पेश गरेको प्रतिवेदन उपर व्यापक छलफल गरि सो समस्या समाधान गर्न सबै सरोकारवालाहरुको सहकार्यमा समाधान गर्ने प्रतिवद्धता सहित प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १० : वन तथा वातावरण समितिको प्रतिवेदन सम्वन्धमा ।**

गौमुखी गा ंपालिकाको वन तथा वातावरण समितिले गौमुखी गाउँपालिकाको वन क्षेत्रको व्यवस्थापन सम्वन्धी वृहत अध्ययन गरि पेश गरेको प्रतिवेदन उपर व्यापक छलफल गरि वन तथा वातावरण व्यवस्थापन र सो बाट राजश्व संकलनको लागि दिएको सुझाव माथि सबै सरोकारवालाहरुको समन्वयनमा कार्यान्वयन गर्ने गरि प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

Scanned with CamScanner